आज मिति २०७४ फागुन २५ गतेका दिन व्यास नगरपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति एवं निर्णयहरु निम्नानुसार रहेको छ ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| - | नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - | नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - | वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - | वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | ,, |
| - | वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | अनुपस्थित |
| - | वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| - | वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - | वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - | वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - | वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - | वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - | वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - | वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - | वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | अनुपस्थित |
| - | कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| - | कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - | कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - | कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | अनुपस्थित |
| - | कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| - | कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - | सदस्य सचिव | श्री हरिप्रसाद बास्तोला | ,, |
| - | सहयोगी अधिकृत | श्री कुमार कंचन जि.सी. | ,, |
| - | इन्जिनियर | श्री रविन्द्रलाल मुल | ,, |
| - | कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | ,, |

**निर्णयहरु**

**निर्णय नं.१**: व्यास नगरपालिका वडा नं ३ स्थित भतेरीमा फोहोर व्यवस्थापनका लागी दुईदुई पटक सूचना प्रकाशित गरी बोलपत्र आव्हान गर्दा समेत कार्यालयले तोकेको न्यूनतम रकम रु.७०,०००। भन्दा ५७.१४% कम २ वटा बोलपत्र पर्न आएको र ती बोलपत्र ज्यादै न्यून भएकाले रद्द गर्ने निर्णय गरियो । साथै मिति २०७४/१०/१८ गते व्यास ४ निवासी नेखुराम खड्कीको मासिक रु.७०,०००। मा फोहोर व्यवस्थापन गर्न पाउं भनी निवेदन पर्न आएकाले २०७५ आषाढ मसान्तसम्मका लागि निजको माग बमोजिम सम्झौता गरी ठेक्का लगाउने निर्णय गरियो ।

**निर्णय नं.२:** यस आ.व.२०७४/०७५ मा सामूहिक कृषि तथा युवा लक्षित स्वरोजगार कार्यक्रममा विनियोजित रकम रु.७० लाख रुपैंया व्यवसायिक प्रर्बद्धन गर्ने कृषि पशुपन्छी पालन र घरेलु उद्योग लगायतका क्षेत्रमा न्यूनतम ३ समूह वा व्यक्तिलाई व्यास न.पा. कार्यालयद्वारा निर्मित कार्यविधिको परिधिभित्र रही वडा समितिको सिफारिसमा प्रति वडा रु.५ लाख अनुदान दिने निर्णय गरियो ।

निर्णय नं.३: आ.व २०७४/०७५ मा महिला सशक्तिकरणतर्फ विनियोजित रकम रु.७ (सात) लाख महिला लक्षित कार्यक्रम संचालन गर्न कार्य योजना बनाई पेश गर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. उपप्रमुख श्री मीरा जोशी | संयोजक |
| २. कल्पना पोखेल | सदस्य |
| ३. चन्द्रमाया परियार | सदस्य |
| ४. नरीमाया राना | सदस्य |
| ५. सुनसरी गुरुङ्ग | सदस्य |
| ६. धनुमाया नेपाली | सदस्य सचिव |

**निर्णय नं.४:** यस आ.व. २०७४/०७५ मा बालमैत्री कार्यक्रममा विनियोजित रकम बालबालिकाका क्षेत्रमा कार्यक्रम बनाई कार्य/योजना बनाई पेश गर्न निम्न अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. उपप्रमुख श्री मीरा जोशी | संयोजक |
| २. वडाध्यक्ष श्री तुलसीराम सापकोटा | सदस्य |
| ३. वडाध्यक्ष श्री सुरेश थापा | सदस्य |
| ४. श्री रामनाथ भट्टराई | सदस्य |
| ५. श्री कुमार कन्चन जि.सी | सदस्य सचिव |

**निर्णय नं ५:** आ.व.२०७४/०७५ मा दलित तथा सिमान्तकृत वर्गको सशक्तिकरणका लागि विनियोजित रकम रु.५ लाखबाट कार्यक्रम संचालन गर्न कार्य योजना बनाई पेश गर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. श्री तमबहादुर दरै | संयोजक |
| २. श्री अमृतबहादुर नेपाली | सदस्य |
| ३. श्री चन्द्रमाया परियार | सदस्य |
| ४. श्री केशरी दुरा | सदस्य |
| ५. श्री गोकर्णराज वाग्ले | सदस्य सचिव |

**निर्णय नं.६:** यस आ.व.२०७४/०७५ मा स्वीकृत भएका योजना तथा कार्यक्रमहरु २०७४ चैत्र मसान्तसम्म पूर्णरुपमा कार्यान्वयन गरिसक्नुपर्ने साथै अब नयाँ योजना तथा कार्यक्रमहरु स्वीकृत नगर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** यस व्यास नगरपालिका वडा नं २ मा रहेको बसपार्कमा जाने बाटो अति नै जीर्ण भएको र निर्माण गर्न लागत सहभागिता जुट्न पनि नसक्ने भएकाले २०% जनसहभागिता जुटाई बाटो पीच गर्ने कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८:** यस व्यास न.पा. वडा नं ४ मा ४०% लागत सहभागिता जुटाई योजना सम्पन्न गर्नुपर्ने प्रावधान रहेकोमा यस क्षेत्रमा वन कार्यालय, विद्युत कार्यालय लगायतका कार्यालयहरु र सार्वजनिक जग्गा समेत भएकाले लागत सहभागिता जुट्न नसक्ने अवस्था सिर्जना भएको हुँदा उपभोक्ता समितिका अध्यक्ष मिनराज न्यौपानेको निवेदन माग अनुसार रु.९ लाख ७५ हजार लागत सहभागितामा योजना सम्झौता गरी योजना संचालनको कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ९:** यस न.पा. कार्यालय र वडा कार्यालयमा कार्यवोझ अतिनै बढ्न गएको वडा अध्यक्ष र प्राविधिकहरुलाई वडा कार्यालय र फिल्ड जादां सवारी साधनको आवश्यकता भएकाले कन्टीजेन्सी रकमवाट ३ वटा स्कुटी र ७ वटा मोटर साइकल खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं १०:** व्यास नगरपालिका कार्यालय र वडा कार्यालयको कार्यवोझ बढि भै वडा कार्यालयमा रहेको एउटा कम्प्यूटरले मात्र काम छिटोछरितो सम्पन्न गर्न नसकिने भएकाले प्रत्येक वडामा थप १-१ थान कम्प्यूटर र प्रिन्टर खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११:** नगर शिक्षा ऐन २०७४ को दफा (२४) बमोजिम निम्न उल्लेखित संघ, संस्थाका प्रतिनिधिहरुलाई २ ( दुई) वर्षका लागि नगर शिक्षा समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. नगर प्रमुख श्री बैकुण्ठ न्यौपाने | संयोजक |
| २. उपप्रमुख श्री मिरा जोशी | सदस्य |
| ३. वडाध्यक्ष श्री काजीमान श्रेष्ठ | सदस्य |
| ४. कार्यकारीणी सदस्य श्री चन्द्र माया परियार | सदस्य |
| ५. सामुदायिक वि.व्य.स.का अध्यक्षमध्ये उदय मा.वि. व्यास ५ का अध्यक्ष श्री यज्ञप्रसाद खनाल | सदस्य |
| ६. सा.वि.का प्रधानाध्यापकमध्ये क्यामिन मा.वि.व्यास ७ कलेस्तीका प्रधानाध्यापक श्री कृष्णहरि गैरे | सदस्य |
| ७. सा.वि.का प्रधानाध्यापकमध्ये बालमन्दिर मा.वि. व्यास २ का प्रधानाध्यापक श्री लक्ष्मी मल्ल | सदस्य |
| ८. प्रमुख प्रशासकीय अधिकृत श्री हरिप्रसाद वास्तोला | सदस्य |
| ९. स्रोत व्यक्ति श्री नारायणदत्त पौडेल | सदस्य सचिव |

**निर्णय नं.१२:** व्यास नगरपालिका नगर कार्यापालिकाको स्थानीय राजपत्र २०७४ स्विकृत गर्ने निर्णय गरियो ।